# धनकुटा क्याम्पस बुलेटिन

# Dhankuta Campus Bulletin

## धनकुटा बहुमुखी क्याम्पस, धनकुटा

वर्ष ०२ | २०८१ वैशाख - असोज | अङ्क ०३






*धनकुटा बहुमुखी क्याम्पसकको ६९ औं वार्षिक उत्सव कार्यक्रममा क्यम्पस प्रमुख, क्याम्पस पदाधिकारी, प्राध्यापकहरू, कर्मचारीहरू तथा स्व.वि.यु. प्रतिनिधिको सहभागी हुदैं ।*

## वार्षिक उत्सव कार्यक्रम सम्पन्न

ध.ब.क्या., श्रावण - १४ ।

मिति २०८१ श्रावण १४ गते सोमवारका दिन धनकुटा बहुमुखी क्याम्पसको ६९ औं वार्षिक उत्सव कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको अध्यक्षता क्याम्पस प्रमुख सह-प्रा. श्री होम बहादुर बस्नेतज्यूले गर्नु भएको थियो । उक्त कार्यक्रममा कर्मचारीलाई सम्मान र अनिवार्य अवकास भई जानुहने प्राध्यापक तथा कर्मचारीलाई विदाई कार्यक्रम संचालन गरियो । उक्त कार्यक्रम क्याम्पसको अनुसन्धान व्यवस्थापन एकाईको कक्षमा विहान ७ बजेदेखि संचालन गरिएको थियो । सो कार्यक्रम मानविकी तथा समाजशास्त्र संकायका सहायक क्याम्पस प्रमुख उप-प्रा. श्री कृष्ण गोविन्द अधिकारीले संचालन गर्नु भएको थियो । सो कार्यक्रममा प्राध्यापक संघका क्याम्पस एकाइ सभापति उप-प्रा. श्री जनार्दन घिमिरे, शिक्षाशास्त्र तथा विज्ञान संकायका स.क्याम्पस प्रमुखज्यूहरू, प्रगतिशील प्राध्यापक संगठनका क्याम्पस इकाइ अध्यक्ष उप-प्रा. श्री शेषराज अधिकारी, प्रजान्त्रवादी प्राध्यापक संघ क्याम्पस इकाइ अध्यक्ष उप-प्रा. श्री सुन्दर श्रेष्ठ, कर्मचारी युनियनका अध्यक्ष, प्राध्यापकज्यूहरू, कर्मचारीहरू तथा स्व.वि.यु प्रतिनिधिको समुपस्थिति रहेको थियो ।उक्त कार्यक्रममा यस क्याम्पसबाट अवकास प्राप्त गर्नु भएका सह-प्रा. श्री रमेश अमात्य र लेखा उप नियन्त्रक श्री इन्दु श्रेष्ठलाई क्याम्पस प्रमुखद्वारा मायाको चिनो प्रदान गर्दै विदाई गरिएको थियो । क्याम्पसमा लामो समय र महत्वपुर्ण योगदान पुऱ्याएबापत क्याम्पसका उप-प्रा. श्री शेषराज अधिकारी र प्रशासन कर्मचारी श्री कृष्ण बहादुर खड्कीलाई क्याम्पस प्रशासनले वहाँहरूको कार्यको उच्च कदर गर्दै सम्मानपत्र पनि प्रदान गरिएको थियो । सो कार्यक्रममा प्राध्यापक संघका इकाई समिति सभापति श्री जनार्दन घिमिरे, प्र.प्रा.संघका अध्यक्ष श्री सुन्दर श्रेष्ठ र सम्मानित उप-प्रा. श्री शेषराज अधिकारीले क्याम्पसको विगतको अवस्था र आज सन्दर्भका विषयमा प्रकाश पार्नु भएको थियो । अन्त्यमा कार्यक्रमको अध्यक्षता गर्नु भएका क्याम्पस प्रमुख सह- प्रा. श्री होम बहादुर बस्नेतज्युले आफ्ना मन्तव्य व्यक्त गर्नुहुदै कार्यक्रमलाई समापन गर्नु भएको थियो । साथै सोही दिन फूलवारी गोडमेल कार्यक्रम पनि सम्पन्न भएको थियो ।

## कार्यशाला गोष्ठी सम्पन्न



*कार्यशालामा प्रशिक्षकद्वारा प्रशिक्षण गर्नुहुँदै ।*

ध. ब. क्या., श्रावण १२ ।

धनकुटा बहुमुखी क्याम्पसको अनुसन्धान व्यवस्थाप एकाईको कक्षमा Digital Capacity Enhancement सम्बन्धी एक दिवसीय कार्यशाला गोष्ठी सम्पन्न भयो । क्याम्पस प्रमुख सह-प्रा. श्री होम बहादुर बस्नेतको अध्यक्षतामा सो कार्यक्रमलाई औपचारिक रुपमा संचालन गरिएको थियो । कार्यशालामा पठनपाठनमा Digital प्रविधिलाई कसरी प्रयोग गर्ने र कक्षामा पठनपाठनमा प्रयोग हुने विधिलाई प्रविधिमैत्रि बनाई थप प्रभावकारी बनाउने उद्देश्यले सञ्चालन गरिएको थियो । धनकुटा बहुमुखी क्याम्पसको अनुसन्धान व्यवस्थापन एकाईद्वारा आयोजित सो कार्यक्रम एकाईका सदस्य उप-प्रा. श्री झनक गुरुङ्गले संचालन गर्नु भएको थियो । कार्यक्रममा धनकुटा बहुमुखी क्याम्पसमा अध्यापन गर्नुहुने सबै विषयका विषय विभाग प्रमुखहरू र अन्य प्राध्यापकहरूको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा Interative Board मा White Board कसरी प्रयोग गर्ने भन्ने विषयमा आंशिक शिक्षक श्री गोपाल राईले सहजीकरण गर्नु भएको थियो भने अध्यापन, सिकाई र मूल्यांकनमा प्रविधिलाई प्रयोग गर्ने सम्बन्धमा उप-प्रा. श्री केवलराम पराजुलीले सहजीकरण गर्नु भएको थियो । सो कार्यक्रममा सहभागीहरूले प्रयोगात्मक सिकाईको पनि अभ्यास गर्नु भएको थियो । कार्यक्रमको अन्त्यमा उप-प्रा. श्री सौगात श्रेष्ठले पनि प्रशिक्षण दिनु भएको थियो । अन्तमा कार्यक्रमको अध्यक्षता गर्नु भएका क्याम्पस प्रमुख सह प्रा. श्री होम बहादुर बस्नेतद्वारा आफ्नो मन्तव्य प्रस्तुत गर्नुहुँदै औपचारिक रुपमा कार्यक्रमको समापन गर्नु भएको थियो ।

## हार्दिक बधाई र शुभकामना

ध.ब.क्या., असार ३१ ।

धनकुटा बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख सह प्रा. श्री होम बहादुर बस्नेतज्यूद्वारा त्रि.वि. दिवसको अवसरमा दीर्घसेवा पदकद्वारा सम्मानित हुनुहने प्राध्यापक तथा कर्मचारीहरूलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नु भएको थियो । त्रिभुवन विश्वविद्यालयमा २५ वर्ष अटुट सेवा गरेर सम्मानित हुनुहने प्राध्यापक तथा कर्मचारीहरूमा यस क्याम्पसबाट सरुवा भई जानुहुने उपप्राध्यापक डा. अम्बिकाप्रसाद पौडेल, धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा कार्यरत उपप्राध्यापक डा. यज्ञप्रसाद गुरागाई, उपप्राध्यापक श्री जनार्दन घिमिरे, उपप्राध्यापक श्री लालबहादुर देवान, उपप्राध्यापक श्री ज्ञानेन्द्र यादव र कर्मचारीतर्फ श्री मैया तिम्सिना रहनु भएको थियो ।




*दीर्घ सेवा पदकद्वारा सम्मानित प्राध्यापकज्यूहरू सामुहिक फोटो खिच्नुहुदैं।*

## फलफूल बितरण कार्यक्रम सम्पन्न

ध.ब.क्या., बैशाख १९ ।

धनकुटा बहुमुखी क्याम्पसमा अध्ययनरत पूर्वविद्यार्थीहरूको संस्था अलुम्नाई एसोसिएसन (D-CAAN) को आयोजनाबाट धनकुटा जिल्ला अस्पतालका विरामीहरूलाई लोकतन्त्र दिवसको अवसरमा फलफूल वितरण कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त अवसरमा क्याम्पसको तर्फबाट मानविकी सङ्कायका सहायक क्याम्पस प्रमुख उप- प्रा. श्री कृष्णगोविन्द अधिकारी, विज्ञान अध्ययन संस्थानका सहायक क्याम्पस प्रमुख उप- प्रा. श्री सूर्यदेव यादव, उप- प्रा. डा. यज्ञ प्रसाद गुरागाई, उप-प्रा. केवलराम पराजुली र शिक्षण सहायक श्री राजन पौडेल, अलुम्नाई एसोसिएसन (D-CAAN) का विजय सन्तोषी राई, खेम प्रसाद पौडेल, पत्रकार श्री भेषराज कट्टेल लगायत अस्पतालका कर्मचारी तथा परिचारिकाहरूको समुपस्थिति रहेको थियो ।



*अस्पतालका विरामीहरूलाई फलफूल वितरण पछि सहभागीहरुले सामुहिक फोटो लिनुहुदैं ।*

## वनभोज कार्यक्रम सम्पन्न

ध.ब.क्या., बैशाख १९ ।

धनकुटा बहुमुखी क्याम्पस प्राध्यापक कर्मचारीको संयुक्त वनभोज कार्यक्रम तिनजुरे, मिल्के जलजलेको संगम स्थल पाथिभरा मन्दिर तिनजुरेमा सम्पन्न भएको थियो । धनकुटा बहुमुखी क्याम्पसमा कार्यरत सम्पूर्ण प्राध्यापकहरूबीच आत्मीयता वृद्धि र मनोरञ्जन गर्ने, प्राध्यापकहरू र कर्मचारीहरूबीच पनि सम्बन्ध नजिक गर्ने उद्देश्यले सो वनभोज कार्यक्रमको आयोजना गरिएको थियो । उक्त वनभोज कार्यक्रम अत्यन्तै मनोरञ्जनात्मक र फलदायी भएको थियो ।



*वनभोज कार्यक्रममा सहभागीहरुले सामुहिक फोटो लिनुहुदैं ।*

## समझदारी पत्रमा हस्ताक्षर सम्पन्न

ध.ब.क्या., बैशाख २६ ।

धनकुटा बहुमुखी क्याम्पस र स्थानीय तहको सरकार बीच पारस्परिक हित प्रवर्द्धन गर्ने उद्देश्यले धनकुटा बहुमुखी क्याम्पस र धनकुटा नगरपालिकाबीच समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको थियो । उक्त समझदारीपत्रमा क्याम्पसको तर्फबाट क्याम्पस प्रमुख सह प्रा. श्री होम बहादुर बस्नेत र धनकुटा नगरपालिकाको तर्फबाट नगर प्रमुख श्री चिन्तन तामाङ्गले हस्ताक्षर गर्नु भएको थियो । उक्त समझदारीपत्र धनकुटा नगरपालिकाको प्रशासकीय अधिकृत श्री

दशरथ राई र क्याम्पस प्रमखुबीच आदान प्रदान भएको थियो । त्यस्तै मिति २०८१/०१/२८ गतेका दिन धनकुटा बहुमुखी क्याम्पस र सहिदभूमि गाउँपालिकाबीच पनि पारस्परिक हित प्रवर्द्धन गर्ने उद्देश्यले समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको थियो । समझदारीपत्रमा क्याम्पसको तर्फबाट क्याम्पस प्रमुख सह प्रा. श्री होम बहादुर बस्नेत र सहिदभूमि गाउँपालिकाको तर्फबाट पालिका अध्यक्ष श्री मनोज राईले हस्ताक्षर गर्नु भएको थियो । उक्त कार्यक्रममा धनकुटा बहुमुखी क्याम्पसका उप प्रा. डा. यज्ञ प्रसाद गुरागाँई, उप प्रा. दिनेश अधिकारी र पालिकाका प्रशासकीय अधिकृत लगायत अन्य कर्मचारीहरूको समेत सहभागीतामा सम्पन्न भएको थियो ।



*समझदारीपत्रमा हस्ताक्षर पश्चात आदान प्रदान गर्नुहुदै ध.न.पा. का प्रशासकीय अधिकृत श्री दशरथ राई र क्याम्पस प्रमुखज्यू ।*



*समझदारीपत्रमा हस्ताक्षर पश्चात आदान प्रदान गर्नुहुदै सहिदभूमि गा.पा अध्यक्ष श्री मनोज राई र क्याम्पस प्रमुखज्यू ।*

## बहुतले नयाँ शैक्षिक भवनको अनुगमन सम्पन्न ।

ध.ब.क्या., जेष्ठ ९ ।

धनकुटा बहुमुखी क्याम्पसको शैक्षिक गुणस्तर वृद्धि गर्ने उद्देश्यले त्रि.वि.केन्द्रीय कार्यलयको आर्थिक सहयोगमा निर्माण भइरहेको बहुतले नयाँ शैक्षिक भवनको अनुगमन सम्पन्न भएको थियो । उक्त अनुगमनका लागि त्रि.वि. बाट पाल्नु भएका अनुगमन टोलिका प्रमुख एवम् त्रि. वि. सामान्य प्रशासन महाशाखा प्रमुख श्री राजुकुमार श्रेष्ठको केन्द्रीय टोली र धनकुटा बहुमुखी क्याम्पसको तर्फबाट क्याम्पस प्रमुख सह प्रा. होम बहादुर बस्नेत, मानविकी सङ्कायका सहायक क्याम्पस प्रमुख उप प्रा. कृष्णगोविन्द अधिकारी, विज्ञान अध्ययन संस्थानका सहायक क्याम्पस प्रमुख उप प्रा. सूर्यदिव यादव, लेखा प्रमुख इन्दु श्रेष्ठ र क्याम्पसका शाखा अधिकृत संगिता श्रेष्ठको सहभागीतामा संयुक्त रुपमा अनुगमन भएको थियो ।



*अनुगमन पछि सामुहिक फोटो लिनुहुदै ।*

## उत्तर पुस्तिका परीक्षण सम्बन्धी १ दिवसीय कार्यशाला गोष्ठी सम्पन्न



*कार्यशालामा गोष्ठी सम्पन्न भएपछि सामुहिक फोटोमा सहभागीहरू ।*

ध.ब.क्या., जेष्ठ २६ ।

उत्तरपुस्तिका परीक्षणलाई थप गुणस्तरिय बनाउन यस धनकुटा बहुमुखी क्याम्पस, धनकुटा र त्रिभुवन विश्वविद्यालय क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, विराटनगरको आयोजनामा उत्तरपुस्तिका परीक्षण सम्बन्धी १ दिने कार्यशाला गोष्ठी सम्पन्न भएको थियो । सो कार्यक्रममा शिक्षाशास्त्र सङ्काय स्नातक/डिप्लोमा तहमा अध्यापन गरिरहनु भएको यस धनकुटा बहुमुखी क्याम्पसका प्राध्यापकहरूको सहभागिता रहेको थियो ।उक्त कार्यक्रममा शिक्षाशास्त्र सङ्काय स्नातक तहको उत्तरपुस्तिका कसरी परीक्षण गर्ने? अङ्क कसरी/कति दिने ? भन्ने विविध विषयमा सहभागीहरूलाई जानकारी गराइएको थियो ।

## अनुभव अदान प्रदान कार्यक्रम सम्पन्न

ध.ब.क्या., असार २९ ।

East N West Teacher Training College सहरसा, विहार भारतका प्राध्यापकहरूज्यू र धनकुटा बहुमुखी क्याम्पसका प्राध्यापकहरूबीच अनुभन अदान प्रदान कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रम धनकुटा बहुमुखी क्याम्पसका अनुसन्धान व्यवस्थापन एकाईको कक्षमा विहान ११:०० बजे देखि संचालन गरिएको थियो । कार्यक्रम अंग्रेजी विभागका विषय प्रमुख सञ्जिव कुमार सिंहको अध्यक्षतामा शिक्षण सहायक श्री राजन पौडेले संचालन गर्नु भएको थियो । उक्त कार्यक्रमा क्याम्पस प्रमुख सह प्रा. होम बहादुर बस्नेत, मानविकी सङ्कायमा सहायक क्याम्पस प्रमुख उप प्रा. कृष्णगोविन्द अधिकारी, शिक्षण सहायक राम प्रसाद राई, शिक्षण सहायक प्रदिप राई र East N West Teacher Training College सहरसा, भारतका प्राध्यापकहरूको सहभागीता रहेको थियो । East N West Teacher Training College सहरसा, भारतका प्राध्यापकहरूबाट शिक्षण सिकाईको अनुभव आदान प्रदान गर्न यस क्याम्पसमा अध्ययनरत BBA र BCA का सबै सेमेष्टरका विद्यार्थीहरू, B.Ed (प्रथम, दोश्रो र तेश्रो वर्ष) र BA, BBS तहका सबै विद्यार्थीहरूका लागि मिति २०८१/०३/३० गते विहान ७ बजेदेखि कक्षा सञ्चालन गरिएको थियो ।



*अथिति प्राध्यापकहरूसँग क्याम्पस प्रमुख सह-प्रा. होम बहादुर बस्नेत र अन्य प्राध्यापकहरू ।*

## सम्मान तथा सरसफाई कार्यक्रम सम्पन्न

ध.ब.क्या., असार ३१ ।

धनकुटा बहुमुखी क्याम्पसले त्रिभुवन विश्वविद्यालयको ६५औं बार्षिकोत्सवको अवसरमा सम्मान तथा सरसफाई कार्यक्रम सम्पन्न गरेको थियो । उक्त सम्मान कार्यक्रममा क्याम्पसमा उत्सुकताका साथ निरन्तर कक्षाकोठामा उपस्थित भई शिक्षण सिकाई गर्नहुने प्राध्यापकहरूमध्ये नेपाली विषयको शिक्षण सहायक बसन्त पोखरेल र कर्मचारीहरूको तर्फबाट परीक्षा शाखा प्रमुख श्री महेश कोइरालालाई सम्मान पत्र क्याम्पस प्रमुखबाट प्रदान गरिएको थियो । सोही अवसरमा क्याम्पस परिसरमा प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरूको सहभागीतामा सरसफाई कार्यक्रम समेत सम्पन्न भएको थियो ।



*क्याम्पस प्रमुखबाट सम्मानपत्र लिनुहुदैं श्री बसन्त पोखरेल र श्री महेश कोइराला । ।*

## ल्यापटप हस्तान्तरण कार्यक्रम सम्पन्न



*ल्यापटप वितरण गर्नुहुदैं क्याम्पस प्रमुख सह-प्रा. होम बहादुर बस्नेत ।*

ध.ब.क्या., श्रावण १२ ।

धनकुटा बहुमुखी क्याम्पसमा रहेका विभाग र व्यस्थापन सङ्कायका विभिन्न कार्यक्रमलाई शैक्षिक प्रयोजनका लागि ल्यापटप हस्तान्तरण कार्यक्रम सम्पन्न भएको थियो । धनकुटा बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको शिक्षण सिकाईमा थप गुणस्तरियता बढाउने उद्देश्यले ल्यापटप हस्तान्तरण गरिएको थियो । सो कार्यक्रम शिक्षाशास्त्र संङ्कायका सहायक क्याम्पस प्रमुख उप-प्रा. डा. श्याम प्रसाद वाग्लेज्यूले सञ्चालन गर्नु भएको थियो भने प्रमुख अतिथिको रुपमा क्याम्पस प्रमुख सह-प्रा. श्री होम बहादुर बस्नेत रहनु भएको थियो । उक्त कार्यक्रममा ग्रामीण विकास तथा अर्थशास्त्र विभागका प्रमुख उप-प्रा. श्री दिनेश अधिकारी, गणित विभाग प्रमुख उप-प्रा. श्री सुन्दर श्रेष्ठ, वि.वि.एस तथा एम.वि.एस कार्यक्रमका संयोजक श्री सोम प्रसाद भण्डारी तथा शिक्षा विभागका प्रमुख उप-प्रा. श्री शेषराज अधिकारी र अंग्रेजी (शिक्षा तथा मानविकी) विभागका प्रमुख सह-प्रा. श्री सन्जिव कुमार सिंहलाई क्याम्पस प्रमुखबाट ल्यापटप वितरण गर्नु भएको थियो । सो कार्यक्रममा मानविकी सङ्कायका सहायक क्याम्पस प्रमुख उप-प्रा. श्री कृष्णगोविन्द अधिकारी लगायत प्राध्यापक तथा कर्मचारी प्रमुखको उपस्थिति रहेको थियो ।

## अभिमुखिकरण कार्यक्रम सम्पन्न

ध.ब.क्या., श्रावण १४ ।

धनकुटा बहुमुखी क्याम्पस क्याम्पसको शिक्षण अभ्यास विभागका प्रमुख उप-प्रा. श्री रमेश लुईटेलको अध्यक्षता र क्याम्पस प्रमुख सह-प्र. श्री होम बहादुर बसनेतज्यूको उपस्थितिमा स्नातक चौथो वर्षका विद्यार्थीहरूको लागि १ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा उप-प्रा. शेषराज अधिकारी लगायत अन्य प्राध्यापकहरूबाट शिक्षण अभ्यासमा गर्नु पर्ने क्रियाकलापका बारेमा सहभागीहरूलाई अभिमुखिकरण गर्नु भएको थियो ।



*सहभागी विद्यार्थीहरू माझ आफ्नो कुरा राखुहुदैं क्याम्पस प्रमुख सह-प्रा. होम बहादुर बस्नेत ।*

## जेहेन्दार छात्रवृत्ति र निशुल्कवृत्ति प्रदान

ध.ब.क्या. भाद्र, १७ ।

धनकुटा बहुमुखी क्याम्पसको स्तातक तह समूह २०७६ अन्तर्गत शिक्षाशास्त्र सङ्काय मानविकी तथा समाजशास्त्र सङ्काय, व्यवस्थापन सङ्काय तथा विज्ञान तथा प्रविधि अध्ययन संस्थान तर्फ अन्तर्गत तेस्रो बर्षका अध्ययनरत (बार्षिक तथा सेमेष्टर प्रणाली)का विद्यार्थीहरूलाई जेहेन्दार छात्रवृत्ति र निशुल्कवृत्ति प्रदान गरिएको छ । शिक्षाशास्त्र सङ्कायका छात्रा तर्फ गोमा श्रेष्ठ, ६२.२ प्रतिशत र छात्र तर्फका बाबुराम भण्डारीले ५४.१ प्रतिशत अङक प्राप्त गरी जेहेन्दार छात्रवृत्ति प्राप्त गरेका छन् । यसै सङ्कायका छात्र छात्रा गरी जम्मा ३८ जनाले निशुल्कवृत्ति प्राप्त गरेका छन् । त्यस्तै मानविकी सङ्काय तर्फका छात्र आलोक राईले ६६ प्रतिशत अङक प्राप्त गरी जेहेन्दार छात्रवृत्ति प्राप्त गरेका छन् । त्यस्तै व्यवस्थापन सङ्कायका छात्रा तर्फ मनिला तामाङ्गले ६८.०८ प्रतिशत र छात्र तर्फ सन्दिप अधिकारीले ७३.०६ प्रतिशत अङ्क प्राप्त गरी जेहेन्दार छात्रवृत्ति प्राप्त गरेका छन् ।

त्यस्तै गरी २०७७ समूह अन्तर्गत दोस्रो बर्षका शिक्षाशास्त्र सङ्कायका छात्रा तर्फका सुस्मिता भट्टराईले ६०.१६ प्रतिशत अङक र छात्र तर्फका रोशन केप्छाकीले ५६.०६ प्रतिशत अङक प्राप्त गरी जेहेन्दार छात्रवृत्ति प्राप्त गरेका छन् । सोही सङ्कायका दोश्रो वर्षका छात्र छात्रा गरी जम्मा ३० जनाले निशुल्कवृत्ति प्राप्त गरेका छन् । त्यस्तै मानविकी तथा समाजशास्त्र सङ्काय दोस्रो बर्षका छात्रा तर्फका कल्पना लिम्बूले ६८.६ प्रतिशत र अस्मिता चाम्जोङ्गले ६२.०६ प्रतिशत अङ्क प्राप्त गरी जेहेन्दार छात्रवृत्ति प्राप्त गरेका छन् । व्यवस्थापन सङ्काय दोस्रो बर्षका छात्रा तर्फका विनिता बस्नेतले ५५.६ प्रतिशत र छात्र तर्फ बसन्त श्रेष्ठले ५०.०४ प्रतिशत अङ्क प्राप्त गरी जेहेन्दार छात्रवृत्ति प्राप्त गरेका छन् । २०७८/०८२ समूह वि.सि.ए. दोस्रो सेमेष्टरका तर्फ अस्मिता भण्डारीले ३.५५ GPA प्राप्त गरी जेहेन्दार छात्रवृत्ति प्राप्त गरेका छन् ।२०७८/०८२

समूह वि.सि.ए. तेस्रो सेमेष्टरका तर्फ अस्मिता भण्डारीले ३.४० GPA प्राप्त गरी जेहेन्दार छात्रवृत्ति प्राप्त गरेका छन् । २०७८ समूह वि.वि.ए. दोस्रो सेमेष्टरका छात्रा तर्फ अस्मी न्यौपानेले ३.८७ GPA र छात्र तर्फ अमन खानले ३.८८ GPA प्राप्त गरी जेहेन्दार छात्रवृत्ति प्राप्त गरेका छन् । २०७८ समूह वि.वि.ए. तेस्रो सेमेष्टरका छात्रा तर्फ अस्मी न्यौपानेले ३.८७ GPA र छात्र तर्फ अम्लेस मेहताले ३.७७ GPA प्राप्त गरी जेहेन्दार छात्रवृत्ति प्राप्त गरेका छन् । २०७८ समूह वि.वि.ए. चौथो सेमेष्टरका छात्रा तर्फ अस्मी न्यौपानेले ३.८२ GPA र छात्र तर्फ अम्लेस मेहताले ३.६८ GPA प्राप्त गरी जेहेन्दार छात्रवृत्ति प्राप्त गरेका छन् । २०७९ समूह वि.वि.ए. प्रथम सेमेष्टरका छात्रा तर्फ भावना दाहालले ३.४६ GPA र छात्र तर्फ सुजन विश्वकर्माले ३.५३ GPA प्राप्त गरी जेहेन्दार छात्रवृत्ति प्राप्त गरेका छन् । २०७९ समूह वि.वि.ए. दोस्रो सेमेष्टरका छात्रा तर्फ भावना दाहालले ३.५९ GPA र छात्र तर्फ सुजन विश्वकर्माले ३.५७ GPA प्राप्त गरी जेहेन्दार छात्रवृत्ति प्राप्त गरेका छन् । २०७७ समूह वि.वि.ए. चौथो सेमेष्टरका छात्रा तर्फ समिक्षा थापाले ३.२६ GPA र छात्र तर्फ निश्चल गुरागाँईले ३.४५ GPA प्राप्त गरी जेहेन्दार छात्रवृत्ति प्राप्त गरेका छन् । २०७७ समूह वि.वि.ए. पाँचौ सेमेष्टरका छात्रा तर्फ पुनम कार्कीले ३.६४ GPA र छात्र तर्फ विप्लप मिश्रले ३.४८ GPA प्राप्त गरी जेहेन्दार छात्रवृत्ति प्राप्त गरेका छन् । २०७७ समूह वि.वि.ए. छठौं सेमेष्टरका छात्रा तर्फ पुनम कार्कीले ३.५८ GPA र छात्र तर्फ सुजन थापाले ३.६५ GPA प्राप्त गरी जेहेन्दार छात्रवृत्ति प्राप्त गरेका छन् ।

**प्रकाशक**

**धनकुटा बहुमुखी क्याम्पस, धनकुटा**

**इ-मेल : dktcampus@gmail.com**

**वेबसाइटः www.dhmc.tu.edu.np**

**सम्पादन मण्डल**

**संयोजकः उप-प्रा. श्री कृष्ण गोविन्द अधिकारी**

**सदस्यः शिक्षण सहायक श्री उद्दव कटुवाल**

**सदस्यः शिक्षण सहायक श्री रमेश श्रेष्ठ**